# नेपाल कृषि सेवा (गठन समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५०।१०।२८

**संशोधन**

१. नेपाल कृषि सेवा (गठन समूह तथा श्रेणी विभाजन र नियुक्ति) (पहिलो संशोधन), २०५१ — २०५१।३।६

२. नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (दोस्रो संशोधन) नियमहरु, २०५२ — २०५३।५।१७

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० रहेकोछ ।

(२) यो नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा,-

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्छ ।

(ग) "सेवा" भन्नाले नियम ३ बमोजिमको नेपाल कृषि सेवा सम्झनु पर्छ ।

(घ) "समूह" भन्नाले नियम ४ को उपनियम (१) बमोजिमको समूह सम्झनु पर्छ ।

(ङ) "कर्मचारी" भन्नाले नेपाल कृषि सेवाका निजमती कर्मचारी सम्झनु पर्छ ।

३. **सेवाको गठनः** ऐनको दफा ३ बमोजिम नेपाल कृषि सेवा गठन गरिएकोछ ।

४. **सेवामा रहने समूह, श्रेणी र पदः** (१) सेवामा कामको प्रकृति सो काम सम्पादन गर्न चाहिने न्यूनतम शैक्षिक योग्यता र कार्य विशिष्टता समेतको आधारमा सेवा भित्रको समान प्रकृतिका पदहरु समावेश भएका अनुसूची-१ बमोजिमका समूहहरु रहने छन् ।

(२) सेवामा देहायका श्रेणीहरु रहने छन्ः—

राजपत्रांकित

(क) विशिष्ट श्रेणी,

(ख) प्रथम श्रेणी,

(ग) द्वितीय श्रेणी,

(घ) तृतीय श्रेणी ।

राजपत्र अनंकित

(क) प्रथम श्रेणी,

(ख) द्वितीय श्रेणी,

(ग) तृतीय श्रेणी,

(घ चतुर्थ श्रेणी ।

(३) सेवाको विशिष्ट श्रेणीमा नेपाल सरकारले तोके बमोजिम पदहरु रहन सक्नेछन् ।

(४) विभिन्न समूहमा रहने श्रेणी र श्रेणी विहीन पदहरु अनुसूची- २ बमोजिम हुनेछन् ।

⊕(५) कुनै पनि समूहमा समूहिकृत नहुने पदहरु अनुसूची-२क. बमोजिम हुनेछन् ।

---

⊕ पहिलो संशोधनद्वारा थप ।

५. **रिक्त पदको पूर्तिः** (१) सेवाका रिक्त पदहरुको पूर्ति ऐनको दफा ७ को उपदफा (१) बमोजिम हुनेछ ।

(२) श्रेणी विहीन पदहरु शुरु नियुक्तिद्वारा पूर्ति गर्दा खुला प्रतियोगिताद्वारा गरिनेछ ।

६. **समूहीकृत हुनेः** (१) यो नियमावली प्रारम्भ हुँदाका बखत नेपाल कृषि सेवाको एग्री एक्सटेन्सन समूह, हर्टिकल्चर समूह, फिसरिज समूह, लाइभष्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, एग्रोनोमी समूह, स्वायल साइन्स समूह, भेटेरिनरी समूह र एग्री इन्जिनियरिङ्ग समूहमा समूहीकृत भै कार्यरत रहेका कर्मचारीहरु तत् तत् समूहमा समहीकृत भएका मानिनेछन् ।

(२) यी नियमहरु प्रारम्भ हुँदाका बखत नेपाल कृषि सेवाका देहायका समूहमा कार्यरत कर्मचारीहरुलाई देहायका समूहमा समूहीकृत गरिएकोछः—

(क) प्लान्ट प्याथोलोजी समूह र एन्टोमोलोजी समूहमा कार्यरत कर्मचारीहरुलाई प्लान्ट प्रोटेक्सन समूहमा,

(ख) एग्री इकोनोमिक्स, मार्केटिङ एण्ड स्टाटिस्टिक्स समूहमा कार्यरत कर्मचारीहरुलाई एग्री इकोनोमिक्स एण्ड मार्केटिङ समूहमा,

(ग) फुड प्रोसेसिङ ऐनालिसिस एण्ड न्यूट्रिशन समूहमा कार्यरत कर्मचारीहरुलाई फूड न्यूट्रिशन एण्ड क्वालिटी कन्ट्रोल समूहमा ।

७. **नियुक्तिको लागि योग्यताः** सम्बन्धित समूहको रिक्त पदमा खुला प्रतियोगिताद्वारा पूर्ति गर्दा ऐनको दफा १० बमोजिम अयोग्य नभएका तथा अनुसूची-३ बमोजिमको न्यूनतम शैक्षिक योग्यता पुगेका व्यक्तिहरु उम्मेदवार हुन सक्नेछन् ।

८. **सरुवाको व्यवस्थाः** समूहका कर्मचारीलाई सरुवा गर्दा नियमावलीको परिच्छेद-६ को अधीनमा रही समूह भित्रको पदमा मात्र सरुवा गरिनेछ ।

नेपाल कानून आयोग

⊞तर सेवाको समूहका कर्मचारीहरुलाई सेवाको कुनै पनि समूहमा समूहिकृत नहुने पदहरुमा सरुवा गर्न यस नियमले बाधा पर्‍याएको मानिने छैन ।

९. **शैक्षिक योग्यता सम्बन्धी व्यवस्थाः** ✂.................बढुवा हुनको निमित्त राजपत्रांकित पदहरुको हकमा नियमावलीको नियम ८१ को उपनियम (३) बमोजिमको शैक्षिक योग्यता र राजपत्र अनंकित पदहरुको हकमा तत् तत् पदहरुमा सेवा प्रवेशको लागि निर्धारित शैक्षिक योग्यता आवश्यक पर्नेछ ।

तर यी नियमहरु प्रारम्भ हुँदाको बखत सेवा वा समूहमा बहाल रहेका कर्मचारीको हकमा निजलाई त्यस्तो सेवा वा समूहमा प्रवेश गर्न तोकिएको शैक्षिक योग्यता नै यस नियमको प्रयोजनको निमित्त न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

१०. **सेवा वा समूह संचालन सम्बन्धी व्यवस्थाः** नीतिगत कुराहरुमा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय राखी सेवा वा समूहहरुको संचालन र प्रशासन कृषि तथा सहकारी मन्त्रालयले गर्नेछ ।

११. **अनुसूचीमा हेरफेर वा थपघटः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

१२. **खारेजी र बचाउः** (१) नेपाल कृषि सेवा (गठन) नियम, २०१६ र नेपाल कृषि सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरु, २०३३ खारेज गरिएका छन् ।

(२) उपनियम (१) मा उल्लिखित नियमहरु बमोजिम भए गरेका काम कारबाहीहरु यी नियमहरु बमोजिम नै भए गरेका मानिने छन् ।

---

⊞ पहिलो संशोधनद्वारा थप ।

✂ दोस्रो संशोधनद्वारा झिकिएको ।

**द्रष्टव्यः**— केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः—

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

## अनुसूची-१

### (नियम ४ को उपनियम १ सँग  सम्बन्धित)

### सेवामा रहने समूहको नाम

(क) एग्री एक्सटेन्सन

(ख) हर्टिकल्चर

(ग) फिसरिज

(घ) लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट

(ङ) एग्रोनोमी

(च) प्लान्ट  प्रोटेक्सन

(छ) एग्री इकोनोमिक्स एण्ड मार्केटिङ

(ज) स्वायल साइन्स

(झ) भेटेरिनरी

(ञ एग्री इन्जिनियरिङ्ग

(ट) फूड न्यूट्रिशन एण्ड क्वालिटी कन्ट्रोल

नेपाल कानून आयोग

## [σ]अनुसूची-२

### (नियम ४ को उपनियम (४) स॰ग सम्बन्धित)

### <u>सेवाको समूहमा रहने पदहरुको नाम</u>

| क. एग्री एक्सटेन्सन(कृषि प्रसार) समूहमा रहने पद | ख. हटिकल्चर (वागवानी) समूहमा रहने पद | ग. फिसरिज (मत्स्य) विकास समूहमा रहने पद | घ. एग्रोनोमी (वाली विकास) समूहमा रहने पद | ङ. प्लान्ट प्रोटेक्सन (वाली संरक्षण) समूहमा रहने पद | च. एग्री. इको. एण्ड मार्केटिङ्ग समूहमा रहने पद | छ. स्वाइल साइन्स (माटो विज्ञान) समूहमा रहने पद | ज. एग्री. इन्जि. समूहमा रहने पद | झ. फूड न्यूट्रिसन एण्ड क्वालीटि कन्ट्रोल समूहमा रहने पद | ञ. लाइभस्टक पोल्ट्री एण्ड डेरी समूहमा रहने पद | ट. भेटेरिनरी समूहमा रहने पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १.राजपत्रांकित प्रथम श्रेणी | राजपत्रांकित प्रथम श्रेणी | राजपत्रांकित प्रथम श्रेणी | राजपत्रांकित प्रथम श्रेणी | राजपत्रांकित प्रथम श्रेणी | राजपत्रांकित प्रथम श्रेणी | राजपत्रांकित प्रथम श्रेणी | राजपत्रांकित प्रथम श्रेणी | राजपत्रांकित प्रथम श्रेणी | राजपत्रांकित प्रथम श्रेणी | राजपत्रांकित प्रथम श्रेणी |
| • कार्यक्रम निर्देशक<br>• प्रमुख कृषि प्रसार अधिकृत<br>• प्रमुख तालीम अधिकृत | • कार्यक्रम निर्देशक<br>• प्रमुख | • कार्यक्रम निर्देशक<br>• प्रमुख | • कार्यक्रम निर्देशक<br>• प्रमुख<br>• प्रमुख वीउ विकास अधिकृत | • कार्यक्रम निर्देशक<br>• प्रमुख | • कार्यक्रम निर्देशक<br>• प्रमुख | • प्रमुख माटो विज्ञ (कार्यक्रम निर्देशक) | • कार्यक्रम निर्देशक | • प्रमुख खाद्य गुण नियन्त्रक<br>• महा निर्देशक<br>• उप–महानिर्देशक | • प्रमुख पशु विकास अधिकृत<br>• कार्यक्रम निर्देशक | • प्रमुख पशु चिकित्सक<br>• कार्यक्रम निर्देशक |

σ २०६१।१।१ को राजपत्रको सूचनाबाट हेरफेर गरिएको ।

नेपाल कानून आयोग

| २.राजपत्रांकित द्वितीय श्रेणी | राजपत्रांकितद्वितीय श्रेणी | राजपत्रांकित द्वितीय श्रेणी | राजपत्रां कित द्वितीय श्रेणी | राजपत्रांकित द्वितीय श्रेणी | राजपत्रांकित द्वितीय श्रेणी | राजपत्रांकित द्वितीय श्रेणी | राजपत्रांकित द्वितीय श्रेणी | राजपत्रांकित द्वितीय श्रेणी | राजपत्रांकित द्वितीय श्रेणी | राजपत्रांकित द्वितीय श्रेणी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| • प्रसार अधिकृत,<br>• वरिष्ठ कृषि प्रसार तालीम अधिकृत,<br>• वरिष्ठ कृषि संचार अधिकृत | • विकास अधिकृत<br>• वरिष्ठ वागवानी विकास अधिकृत<br>• वरिष्ठ तरकारी विकास अधिकृत<br>• वरिष्ठ सुन्तला विकास अधिकृत<br>• वरिष्ठ आलु बाली विकास अधिकृत<br>• वरिष्ठ मसला बाली विकास अधिकृत<br>• वरिष्ठ अलैंची विकास अधिकृत | • विकास अधिकृत | • विकास अधिकृत<br>• वरिष्ठ वीउ विकास अधिकृत | • संरक्षण अधिकृत<br>• वरिष्ठ व्यवसायिक किट विज्ञ<br>• वरिष्ठ प्लान्ट क्वारेन्टिन अधिकृत<br>• वरिष्ठ रेशम खेती विकास अधिकृत<br>• विषादी रजिष्ट्रार<br>• वरिष्ठ मौरी विज्ञ | • अर्थ विज्ञ<br>• वरिष्ठ कृषि बजार विज्ञ<br>• वरिष्ठ योजना अधिकृत<br>• वरिष्ठ तालीम अधिकृत<br>• वरिष्ठ कार्यक्रम अधिकृत | • विज्ञ | • इन्जिनियर | • प्रसार अधिकृत<br>• वरिष्ठ खाद्य गुण नियन्त्रक<br>• खाद्य पोषण अधिकृत<br>• खाद्य प्रयोगशाला अधिकृत<br>• खाद्य विश्लेषण अधिकृत<br>• वरिष्ठ खाद्य अनुसन्धान अधिकृत<br>• फलफूल प्रशोधन अधिकृत | • विकास अधिकृत | • चिकित्सक |

नेपाल कानून आयोग

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | • वरिष्ठ कफी तथा चिया विकास अधिकृत<br>• वरिष्ठ वागवानी विकास तालीम अधिकृत | | | | | | | | | |
| ३.राजपत्रांकित तृतीय श्रेणी | राजपत्रांकित तृतीय श्रेणी | राजपत्रांकित तृतीय श्रेणी | राजपत्रांकित तृतीय श्रेणी | राजपत्रांकित तृतीय श्रेणी | राजपत्रांकित तृतीय श्रेणी | राजपत्रांकित तृतीय श्रेणी | राजपत्रांकित तृतीय श्रेणी | राजपत्रांकित तृतीय श्रेणी | राजपत्रांकित तृतीय श्रेणी | राजपत्रांकित तृतीय श्रेणी |
| • कृषि प्रसार अधिकृत<br>• कृषि प्रसार तालीम अधिकृत<br>• कृषि संचार अधिकृत | • फलफूल विकास अधिकृत<br>• तरकारी विकास अधिकृत<br>• सुन्तला विकास अधिकृत<br>• कन्दमूल विकास अधिकृत<br>• आलु विकास अधिकृत<br>• आलु बाली विकास | • मत्स्य विकास अधिकृत | • बाली विकास अधिकृत<br>• बाली विकास तालीम अधिकृत<br>• वीउ विकास अधिकृत | • बाली संरक्षण अधिकृत<br>• व्यवसायिक कीट विज्ञ<br>• प्लान्ट क्वारेन्टिन अधिकृत<br>• रेशम खेती विकास अधिकृत<br>• मौरी विज्ञ<br>• वीउ रोग विज्ञ | • कृषि अर्थ विज्ञ<br>• कृषि बजार विज्ञ<br>• योजना अधिकृत<br>• कार्यक्रम अधिकृत | • माटो विज्ञ<br>• माटो विकास अधिकृत<br>• माटो सेवा तालीम अधिकृत | • कृषि इन्जिनियर | • सहायक खाद्य प्रविधि प्रसार अधिकृत<br>• खाद्य अनुसन्धान अधिकृत<br>• सहायक पोषण अधिकृत<br>• सहायक खाद्य प्रयोगशाला अधिकृत | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अधिकृत<br>• मसला बाली विकास अधिकृत<br>• अलैंची विकास अधिकृत<br>• कफी तथा चिया विकास अधिकृत<br>• कफी विकास अधिकृत<br>• वागवानी विकास अधिकृत<br>• वागवानी विकास तालीम अधिकृत | | | • खाद्य अनुसन्धान अधिकृत | | | | • सहायक खाद्य विश्लेषण अधिकृत<br>• सहायक फलफूल प्रशोधन अधिकृत<br>• खाद्य गुण नियन्त्रक | | |
| ४.राजपत्र अनंकित प्रथम श्रेणी | राजपत्र अनंकित प्रथम श्रेणी | राजपत्र अनंकित प्रथम श्रेणी | राजपत्र अनंकित प्रथम श्रेणी | राजपत्र अनंकित प्रथम श्रेणी | राजपत्र अनंकित प्रथम श्रेणी | राजपत्र अनंकित प्रथम श्रेणी | राजपत्र अनंकित प्रथम श्रेणी | राजपत्र अनंकित प्रथम श्रेणी | राजपत्र अनंकित प्रथम श्रेणी | राजपत्र अनंकित प्रथम श्रेणी |
| • प्राविधिक सहायक | • प्राविधिक सहायक | • प्राविधिक सहायक | • प्राविधिक सहायक<br>• सिड असिष्टेण्ट | • प्राविधिक सहायक | • प्राविधिक सहायक | • प्राविधिक सहायक | • ओभरसियर<br>• ड्राफ्टम्यान | • प्राविधिक सहायक<br>• खाद्य निरिक्षक | • पशु सेवा प्राविधिक | • पशु स्वास्थ्य प्राविधिक |

नेपाल कानून आयोग

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.राजपत्र अनंकित द्वितीय श्रेणी | राजपत्र अनंकित द्वितीय श्रेणी | राजपत्र अनंकित द्वितीय श्रेणी | राजपत्र अनंकित द्वितीय श्रेणी | राजपत्र अनंकित द्वितीय श्रेणी | राजपत्र अनंकित द्वितीय श्रेणी | राजपत्र अनंकित द्वितीय श्रेणी | राजपत्र अनंकित द्वितीय श्रेणी | राजपत्र अनंकित द्वितीय श्रेणी | राजपत्र अनंकित द्वितीय श्रेणी | राजपत्र अनंकित द्वितीय श्रेणी |
| • नायव प्राविधिक सहायक | • नायव प्राविधिक सहायक | • नायव प्राविधिक सहायक | • नायव प्राविधिक सहायक | • नायव प्राविधिक सहायक | • नायव प्राविधिक सहायक | • नायव प्राविधिक सहायक | • सव–ओभरसियर | • नायव प्राविधिक सहायक<br>• नायव खाद्य निरिक्षक | • नायव पशु सेवा प्राविधिक | • नायव पशु स्वास्थ्य प्राविधिक |
| ६.राजपत्र अनंकित तृतीय श्रेणी | राजपत्र अनंकित तृतीय श्रेणी | राजपत्र अनंकित तृतीय श्रेणी | राजपत्र अनंकित तृतीय श्रेणी | राजपत्र अनंकित तृतीय श्रेणी | राजपत्र अनंकित तृतीय श्रेणी | राजपत्र अनंकित तृतीय श्रेणी | राजपत्र अनंकित तृतीय श्रेणी | राजपत्र अनंकित तृतीय श्रेणी | ६.राजपत्र अनंकित तृतीय श्रेणी | राजपत्र अनंकित तृतीय श्रेणी |
| • क्षेत्र सहायक | • क्षेत्र सहायक | • क्षेत्र सहायक | • क्षेत्र सहायक | • क्षेत्र सहायक | | • क्षेत्र सहायक | | • ल्याव असिष्टेण्ट | • क्षेत्र सहायक | • क्षेत्र सहायक |
| ७.राजपत्र अनंकित चतुर्थ श्रेणी | राजपत्र अनंकित चतुर्थ श्रेणी | राजपत्र अनंकित चतुर्थ श्रेणी | राजपत्र अनंकित चतुर्थ श्रेणी | राजपत्र अनंकित चतुर्थ श्रेणी | राजपत्र अनंकित चतुर्थ श्रेणी | राजपत्र अनंकित चतुर्थ श्रेणी | राजपत्र अनंकित चतुर्थ श्रेणी | राजपत्र अनंकित चतुर्थ श्रेणी | ७.राजपत्र अनंकित चतुर्थ श्रेणी | राजपत्र अनंकित चतुर्थ श्रेणी |
| • क्षेत्रचर | • क्षेत्रचर | • क्षेत्रचर | • क्षेत्रचर<br>• ल्याव व्याई | • क्षेत्रचर | • | • क्षेत्रचर | • | • ल्याव व्याई | • क्षेत्रचर | • क्षेत्रचर |

## ⊕अनुसूची-२क

## (नियम ४ को उपनियम (५) सँग सम्बन्धित)

## ०समूहिकृत नहुने पदहरुको नाम

१. राजपत्रांकित प्रथम श्रेणी (प्रा.)

(क) सह-सचिव

(ख) महानिर्देशक

(ग) उप महानिर्देशक

(घ) क्षेत्रीय कृषि निर्देशक

(ङ) तालीम निर्देशक

(च) प्रमुख, राष्ट्रिय औद्योगिक वाली विकास कार्यक्रम

(छ) प्रमुख, राष्ट्रिय मसला विकास कार्यक्रम

(ज) कार्यक्रम प्रमुख, पोष्ट हार्भेष्ट व्यबस्थापन निर्देशनालय

(झ) क्षेत्रीय निर्देशक

(ञ) निर्देशक

(ट) प्रमुख

(ठ) सदस्य—सचिव

२. राजपत्रांकित द्धितिय श्रेणी (प्रा.)

(क) वरिष्ठ कृषि विकास अधिकृत

(ख) वरिष्ठ तालीम अधिकृत

(ग) वरिष्ठ पोष्ट हार्भेष्ट क्षति नियन्त्रण अधिकृत

(घ) क्षेत्रीय अधिकृत

---

⊕ पहिलो संशोधनद्वारा थप ।

० २०६१।१।१ को राजपत्रको सूचनाबाट हेरफेर गरिएको ।

(ङ) वरिष्ठ पशु विकास अधिकृत । वरिष्ठ पशु चिकित्सक

३. <u>राजपत्रांकित तृतीय श्रेणी</u>

(क) कृषि अधिकृत

४. राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष, कृषि विभाग र सो अन्तर्गतका रा.प. अनंकित सबै पदहरु ।

नेपाल कानून आयोग

■अनुसूची-३

(नियम ७ सँग सम्बन्धित)

(सेवा प्रवेश गर्नको लागि चाहिने न्यूनतम योग्यता

| *(क) समूहः कृषि प्रसार (एगृ एक्सटेन्सन)* | | |
|---|---|---|
| क.सं. | श्रेणी | न्यूनतम योग्यता |
| १. | रा.प.अनं.द्वि. | मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको योग्यता मध्ये कुनै एक योग्यता वा सो सरहः<br>- एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए. (कृषि विज्ञान) तालीम प्राप्त ।<br>- कृषि विषय लिई टि.एस.एल.सी. उत्तीर्ण । |
| २. | रा.प.अनं.प्र. | Πकृषि विज्ञान विषय लिई प्रविणता प्रमाण—पत्र तह (आइ.एस्सी.एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाण—पत्र) उत्तीर्ण । |

■ २०६९।८।२५ को नेपाल राजपत्रको सूचनाबाट हेरफेर गरिएको ।

Π २०७१।१।२९ को नेपाल राजपत्रको सूचनाबाट हेरफेर गरिएको ।

| | | |
|---|---|---|
| ३. | रा.प.तृ. | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण गरेको । |
| ४. | रा.प.द्वि. | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि प्रसार विषयमा स्नातकोत्तर तह (एम.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| ५. | रा.प.प्र | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि प्रसार विषयमा स्नातकोत्तर तह (एम.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| *(ख) समूहः बागवानी (हर्टिकल्चर)* | | |
| क.सं. | श्रेणी | न्यूनतम योग्यता |
| १. | रा.प.अनं.द्वि. | मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको योग्यता मध्ये कुनै एक योग्यता वा सो सरहः<br>— एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए. (कृषि विज्ञान) तालीम प्राप्त ।<br>— कृषि विषय लिई टि.एस.एल.सी. उत्तीर्ण । |
| २. | रा.प.अनं.प्र. | [Π]कृषि विज्ञान विषय लिई प्रविणता प्रमाण—पत्र तह (आइ.एस्सी.एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant |

Π २०७१।१।२९ को नेपाल राजपत्रको सूचनाबाट हेरफेर गरिएको ।



नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | Science) उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाण—पत्र) उत्तीर्ण । |
| ३. | रा.प.तृ. | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण गरेको । |
| ४ | रा.प.द्वि. | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट वागवानी विषयमा स्नातकोत्तर तह (एम.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| ५. | रा.प.प्र | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट वागवानी विषयमा स्नातकोत्तर तह (एम.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |

*(ग) समूहः बाली विकास (एग्रोनोमी)*

| क्र.सं. | श्रेणी | न्यूनतम योग्यता |
|---|---|---|
| १. | रा.प.अनं.द्वि. | मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको योग्यता मध्ये कुनै एक योग्यता वा सो सरहः<br>— एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए. (कृषि विज्ञान) तालीम प्राप्त ।<br>— कृषि विषय लिई टि.एस.एल.सी. उत्तीर्ण । |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| २. | रा.प.अनं.प्र. | [Π]कृषि विज्ञान विषय लिई प्रविणता प्रमाण—पत्र तह (आइ.एस्सी.एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाण—पत्र) उत्तीर्ण । |
| ३. | रा.प.तृ. | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण गरेको । |
| ४ | रा.प.द्वि. | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट बाली विज्ञान विषयमा स्नातकोत्तर तह (एम.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| ५. | रा.प.प्र | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट बाली विज्ञान विषयमा स्नातकोत्तर तह (एम.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| *(घ) समूहः बाली संरक्षण (प्लान्ट प्रोटेक्सन)* | | |
| क.सं. | श्रेणी | न्यूनतम योग्यता |
| १. | रा.प.अनं.द्वि. | मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको योग्यता मध्ये कुनै एक योग्यता वा सो सरहः |

Π २०७१।१।२९ को नेपाल राजपत्रको सूचनाबाट हेरफेर गरिएको ।

| | | |
|---|---|---|
| | | — एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए. (कृषि विज्ञान) तालीम प्राप्त ।<br>— कृषि विषय लिई टि.एस.एल.सी. उत्तीर्ण । |
| २. | रा.प.अनं.प्र. | Πकृषि विज्ञान विषय लिई प्रविणता प्रमाण—पत्र तह (आइ.एस्सी.एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाण—पत्र) उत्तीर्ण । |
| ३. | रा.प.तृ. | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण गरेको । |
| ४ | रा.प.द्वि. | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट बाली संरक्षण विषयमा स्नातकोत्तर तह (एम.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| ५. | रा.प.प्र | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट बाली संरक्षण विषयमा स्नातकोत्तर तह (एम.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| *(ङ) समहः माटो विज्ञान (स्वाइल साइन्स)* | | |

Π २०७१।१।२९ को नेपाल राजपत्रको सूचनाबाट हेरफेर गरिएको ।

| क्र.सं. | श्रेणी | न्यूनतम योग्यता |
|---|---|---|
| १. | रा.प.अनं.द्वि. | मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको योग्यता मध्ये कुनै एक योग्यता वा सो सरहः<br>— एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए. (कृषि विज्ञान) तालीम प्राप्त ।<br>— कृषि विषय लिई टि.एस.एल.सी. उत्तीर्ण । |
| २. | रा.प.अनं.प्र. | [Π]कृषि विज्ञान विषय लिई प्रविणता प्रमाण—पत्र तह (आइ.एस्सी.एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाण—पत्र) उत्तीर्ण । |
| ३. | रा.प.तृ. | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण गरेको । |
| ४ | रा.प.द्वि. | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट माटो विज्ञान विषयमा स्नातकोत्तर तह (एम.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| ५. | रा.प.प्र | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट माटो विज्ञान विषयमा स्नातकोत्तर तह (एम.एस्सी.एगृ.) वा सो सरह |

[Π] २०७१।१।२९ को नेपाल राजपत्रको सूचनाबाट हेरफेर गरिएको ।

| | | |
|---|---|---|
| | | उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| *(च) समूहः मत्स्य (फिसरिस) विकास* | | |
| क.सं. | श्रेणी | न्यूनतम योग्यता |
| १. | रा.प.अनं.द्वि. | मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको योग्यता मध्ये कुनै एक योग्यता वा सो सरहः<br>— एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए. (कृषि विज्ञान) तालीम प्राप्त ।<br>— कृषि विषय लिई टि.एस.एल.सी. उत्तीर्ण । |
| २. | रा.प.अनं.प्र. | Πकृषि विज्ञान विषय लिई प्रविणता प्रमाण—पत्र तह (आइ.एस्सी.एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाण—पत्र) उत्तीर्ण । |
| ३. | रा.प.तृ. | ⁕मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी फिसरिज वा मत्स्य पालन विषय लिई स्नातक तह बि.एस्सी.एगृ./बि.भि.एस्सी./बि.एस्सी. (पशु विज्ञान)/बि.भि.एस्सी. एण्ड ए.एच. उत्तीर्ण । |
| ४ | रा.प.द्वि. | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह (एम.एस्सी.एएन.एस्सी.) (एक्वाकल्चर) वा एम.एस्सी. |

Π २०७१।१।२९ को नेपाल राजपत्रको सूचनाबाट हेरफेर गरिएको ।

⁕ २०७७।११।२४ को नेपाल राजपत्रको सूचनाबाट हेरफेर गरिएको ।

| | | |
|---|---|---|
| | | फिसरिज वा सो सरह उत्तिर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| ५. | रा.प.प्र | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह (एम. एस्सी.एएन.एस्सी.) (एक्वाकल्चर) वा एम.एस्सी. फिसरिज वा सो सरह उत्तिर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |

| *(छ) समूहः एगृ. इको. एण्ड मार्केटिङ्ग* | | |
|---|---|---|
| क्र.सं. | श्रेणी | न्यूनतम योग्यता |
| १. | रा.प.अनं.द्वि. | मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको योग्यता मध्ये कुनै एक योग्यता वा सो सरहः<br>— एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए. (कृषि विज्ञान) तालीम प्राप्त ।<br>— कृषि विषय लिई टि.एस.एल.सी. उत्तीर्ण । |
| २. | रा.प.अनं.प्र. | Πकृषि विज्ञान विषय लिई प्रविणता प्रमाण—पत्र तह (आइ.एस्सी.एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाण—पत्र) उत्तीर्ण । |
| ३. | रा.प.तृ. | मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ इकोनोमिक्स वा एगृ. विजिनेश मुख्य विषय लिई स्नातक |

Π २०७१।१।२९ को नेपाल राजपत्रको सूचनाबाट हेरफेर गरिएको ।



नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | तह (बी.एस्सी.एगृ.) वा सो सरह उत्तीर्ण गरेको । |
| ४ | रा.प.द्वि. | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ. इकोनोमिक्स वा एगृ. मार्केटिङ्ग वा एगृ. फाइनान्स वा रिसोर्स इकोनोमिक्स वा एगृ. विजिनेश मुख्य विषय लिई स्नातकोत्तर तह (एम.एस्सी.एगृ.) वा सो सरह उत्तिर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| ५. | रा.प.प्र | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ. इकोनोमिक्स वा एगृ. मार्केटिङ्ग वा एगृ. फाइनान्स वा रिसोर्स इकोनोमिक्स वा एगृ. विजिनेश मुख्य विषय लिई स्नातकोत्तर तह (एम.एस्सी.एगृ.) वा सो सरह उत्तिर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| *(ज) समूहः भेटेरिनरी* | | |
| क्र.सं. | श्रेणी | न्यूनतम योग्यता |
| १. | रा.प.अनं.द्वि. | मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको योग्यता मध्ये कुनै एक योग्यता वा सो सरहः<br>— एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए. पशु विज्ञान (पशु पालन, पशु स्वास्थ्य) तालीम प्राप्त ।<br>— कृषि (पशु पालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी. उत्तीर्ण । |

| | | |
|---|---|---|
| २. | रा.प.अनं.प्र. | [Π]पशु विज्ञान विषय लिई प्रविणता प्रमाण पत्र तह (आइ.एस्सी.एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टि.एस.एल.सी. उत्तीर्ण गरी पशु विज्ञान विषयमा न्यूनतम ३ वर्षको अवधिको डिप्लोमा उत्तीर्ण वा पशु विज्ञान विषयमा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी पशु विज्ञान विषयमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाण—पत्र) उत्तीर्ण । |
| ३. | रा.प.तृ. | मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.भि.एस्सी. एण्ड ए.एच. वा बी.भि.एस्सी वा डि.भि.एम. वा सो सरह उत्तीर्ण गरी नेपाल पशु चिकित्सा परिषद् दर्ता भएको । |
| ४ | रा.प.द्वि. | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट भेटेरिनरी साईन्स/एप्लाईड साईन्स (भेटेरिनरी मेडिसिन, थेरियोजेनोलोजी, भेटेरिनरी सर्जरी, भेटेरिनरी माईक्रोवायोलोजी, भेटेनिरी भाईरोलोजी, भेटेरिनरी प्याथोलोजी, भेटेरिनरी फर्माकोलोजी, भेटेरिनरी प्यारासाईटोलोजी, भेटेरिनरी पब्लिक हेल्थ, भेटेरिनरी ईपिडेमियोलोजी, भेटेरिनरी जुरीस प्रुडेन्स, भेटेरिनरी कन्जरभेसन मेडिसिन, वाईल्डलाइफ मेडिसिन, मिट टेक्नोलोजी, आदि) विषयमा स्नात्तकोत्तर तह वा सो सरह उपाधि प्राप्त गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| ५. | रा.प.प्र | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट भेटेरिनरी साईन्स/एप्लाईड साईन्स (भेटेरिनरी मेडिसिन, थेरियोजेनोलोजी, भेटेरिनरी सर्जरी, भेटेरिनरी माईक्रोवायोलोजी, भेटेनिरी भाईरोलोजी, भेटेरिनरी प्याथोलोजी, भेटेरिनरी फर्माकोलोजी, भेटेरिनरी प्यारासाईटोलोजी, भेटेरिनरी पब्लिक हेल्थ, भेटेरिनरी |

Π २०७१।१।२९ को नेपाल राजपत्रको सूचनाबाट हेरफेर गरिएको ।



नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | ईपिडेमियोलोजी, भेटेरिनरी जुरीस प्रुडेन्स, भेटेरिनरी कन्जरभेसन मेडिसिन, वाईल्डलाइफ मेडिसिन, मिट टेक्नोलोजी, आदि) विषयमा स्नात्तकोत्तर तह वा सो सरह उपाधि प्राप्त गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| *(झ) समूहः खा.पो.गु.नि. (फूड न्यूट्रिशन यण्ड क्वालिटी कन्ट्रोल)* | | |
| क्र.सं. | श्रेणी | न्यूनतम योग्यता |
| १. | रा.प.अनं.द्वि. | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय लिई एस.एल.सी. वा खाद्य विज्ञान विषयमा टि.एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| २. | रा.प.अनं.प्र. | मान्यता प्राप्त शिक्षण संस्थाबाट खाद्य प्रविधि विषयमा आई टेक उत्तीर्ण वा खाद्य प्रविधि विषयमा ३ वर्ष अवधिको डिप्लोमा तह वा सो सरह उत्तीर्ण । |
| ३. | रा.प.तृ. | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ४ वर्ष अवधिको खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इन्जिनियरङ्ग विषयमा स्नातक तह उत्तीर्ण वा साधारण विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरी खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इन्जिनियरिङ्ग/खाद्य सुरक्षा/खाद्य वायोटेक्नोलोजी/खाद्य माइक्रोवायोलेजी/खाद्य टक्सिकोलोजी/खाद्य बायोकेमेष्ट्रि/मानव पोषण विषयहरु मध्ये कुनै एकमा कम्तिमा दुई वर्ष अवधिको स्नातकोत्तर तह उत्तीर्ण । |
| ४ | रा.प.द्वि. | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता मध्ये स्नातक तह हासिल गरी अनुभव हासिल गरेकाहरुको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण तथा स्नातकोत्तर तह उत्तीर्ण गरी अनुभव हासिल गरेकाको |

| | | |
|---|---|---|
| | | हकमा सम्बन्धित विषयमा विद्यावारिधी उपाधि हासिल गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| ५. | रा.प.प्र | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता मध्ये स्नातक तह हासिल गरी अनुभव हासिल गरेकाहरुको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण तथा स्नातकोत्तर तह उत्तीर्ण गरी अनुभव हासिल गरेकाको हकमा सम्बन्धित विषयमा विद्यावारिधी उपाधि हासिल गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| *(ञ) समूहः लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट* | | |
| क्र.सं. | श्रेणी | न्यूनतम योग्यता |
| १. | रा.प.अनं.द्वि. | मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको योग्यता मध्ये कुनै एक योग्यता वा सो सरहः<br>— एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए. (पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य) विषयमा तालीम प्राप्त ।<br>— कृषि (पशु विज्ञान, पशु पालन) विषय लिई टि.एस.एल.सी. उत्तीर्ण । |
| २. | रा.प.अनं.प्र. | Πपशु विज्ञान विषय लिई प्रविणता प्रमाण पत्र तह (आइ.एस्सी.एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टि.एस.एल.सी. उत्तीर्ण गरी पशु विज्ञान विषयमा न्यूनतम ३ वर्षको अवधिको डिप्लोमा उत्तीर्ण वा पशु विज्ञान विषयमा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी पशु विज्ञान विषयमा १ वर्षे जे.टी. कोर्ष |

Π २०७१।१।२९ को नेपाल राजपत्रको सूचनाबाट हेरफेर गरिएको ।

| | | |
|---|---|---|
| | | (प्राविधिज्ञ प्रमाण—पत्र) उत्तीर्ण । |
| ३. | रा.प.तृ. | पशु विज्ञान मुख्य विषय लिई बी.एस्सी.एजी. उत्तीर्ण वा वि.टेक. (डेरी टेक्नोलोजी) वा वि.भि.एस्सी. एण्ड ए.एच. वा वि.भि.एस्सी/डि.भि.एम. वा वि.टेक.एड. (लाईभष्टक एक्सटेन्सन) वा सो सरह उत्तीर्ण । |
| ४ | रा.प.द्वि. | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान/एप्लाईड साईन्स (एनिमल ब्रिडिङ्ग, एनिमल न्युट्रिसन, लाईभष्टक प्रोडक्सन एण्ड म्यानेजमेण्ट, पास्चर म्यानेजमेन्ट, रेन्जलेन्ड म्यानेजमेन्ट, लाईभष्टक ईकोनोमिक्स, एनिमल वेयलफेयर, लाईभष्टक एक्सटेन्सन, डेरी टेक्नोलोजी, फोडर एण्ड पाश्चर प्रोडक्सन, पोल्ट्रि प्रोडक्सन) विषयमा स्नात्तकोत्तर तह वा सो सरह उपाधि प्राप्त गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| ५. | रा.प.प्र | राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान/एप्लाईड साईन्स (एनिमल ब्रिडिङ्ग, एनिमल न्युट्रिसन, लाईभष्टक प्रोडक्सन एण्ड म्यानेजमेण्ट, पास्चर म्यानेजमेन्ट, रेन्जलेन्ड म्यानेजमेन्ट, लाईभष्टक ईकोनोमिक्स, एनिमल वेयलफेयर, लाईभष्टक एक्सटेन्सन, डेरी टेक्नोलोजी, फोडर एण्ड पाश्चर प्रोडक्सन, पोल्ट्रि प्रोडक्सन) विषयमा स्नात्तकोत्तर तह वा सो सरह उपाधि प्राप्त गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |
| *(ट) समूहः कृषि इन्जिनियरिङ्ग* | | |

नेपाल कानून आयोग

| क्र.सं. | श्रेणी | न्यूनतम योग्यता |
|---|---|---|
| १. | रा.प.अनं.द्वि. | मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम एक वर्षको सव ओभरसियर सिभिल/मेकानिकल/एगृ. इन्जिनियरिङ्ग वा सो सरहको तालीम प्राप्त । |
| २. | रा.प.अनं.प्र. | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल/मेकानिकल/एगृ. इन्जिनियरिङ्ग मध्ये कुनै एक विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ३. | रा.प.तृ. | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि इन्जिनियरिङ्ग विषयमा स्नातक तह (B.Sc.Ag.Eng.) वा सो सरह उत्तीर्ण । |
| ४ | रा.प.द्वि. | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुवभ प्राप्त । |
| ५. | रा.प.प्र | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुवभ प्राप्त । |

<u>स्पष्टीकरणः</u> माथि विभिन्न प्रकरणमा विभिन्न समूहहरुका विभिन्न श्रेणीहरुका लागि तोकिएको शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडी सेवा प्रवेश गरेका निजामती कर्मचारीहरुको हकमा लागू हुने छैन र त्यस्ता निजामती कर्मचारीहरुको हकमा साविक नियममा उल्लेखित व्यवस्था अनुसार नै हुनेछ ।

नेपाल कानून आयोग